**प्रधानमन्त्री**

**काठमाडौं, नेपाल**

## शुभकामना

**"हाम्रो साझा अभियानः ज्येष्ठ नागरिकप्रति श्रद्धा र सम्मान"** भन्ने राष्ट्रिय नाराका साथ मनाउन लागिएको पाचौं राष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०८२ को अवसरमा आफ्नो जीवनको क्रियाशील उमेर कुनै न कुनै उत्पादनशील क्षेत्रमा लगाएका अथाह ज्ञान, सिप र अनुभवका खानी सम्पूर्ण ज्येष्ठ नागरिक नेपालीहरूप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। म तपाईंहरुको सु-स्वास्थ्य र सहजतापूर्ण दीर्घजीवनको कामना गर्दछु।

ज्ञानले नै मानिसलाई एउटा ढाँचामा ढाल्दछ र के गर्न हुने, के गर्न नहुने, के भन्न हुने, के भन्न नहुने भन्ने कुरा अवगत गराउँछ। मानव जीवनमा ज्ञानका स्रोतहरुमध्ये सबैभन्दा उत्कृष्ट स्रोत अनुभव हो। यसको पाठ्यसामग्री र पाठशाला जीवन हो। पुस्तकबाट प्राप्त ज्ञानभन्दा कयौं गुणा उपयोगी यस्तो प्रायोगिक ज्ञानलाई हामी प्रज्ञा भन्दछौं। ज्येष्ठ नागरिकहरुबाट प्राप्त हुने प्रज्ञा, सिप र अनुभवलाई राष्ट्रको सामाजिक-आर्थिक रुपान्तरण एवं विकासका लागि परिचालन गर्नुपर्दछ भन्ने सरकारको मान्यता छ। यसका लागि सरकारले ज्येष्ठ नागरिकहरूको ज्ञान र अनुभवमा आधारित सिपलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने वातावरणको सिर्जना गर्दैछ। ज्येष्ठ नागरिकहरुको मार्गदर्शनमा परिवार र समाजले सही दिशाको पहिचान अनि असल संस्कृतिको प्रवर्द्धन गर्न सक्दछ।

व्यक्तिको सरदर आयुमा भएको वृद्धिसँगै हाम्रो समाजमा पनि ज्येष्ठ नागरिकको जनसंख्या तीव्र गतिमा बढ्दैछ। आफ्नो जीवनको अमूल्य समय कुनै न कुनै रुपमा राष्ट्रका लागि समर्पित गर्ने ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने क्रममा वर्तमान सरकारले ज्येष्ठ नागरिक स्वास्थ्य बिमा, सामाजिक सुरक्षा भत्तालगायत विभिन्न कार्यक्रमहरुलाई प्रभावकारीरुपमा सञ्चालन गरिरहेको छ। नेपालका प्रत्येक ज्येष्ठ नागरिकको जीविका र रहन सहन मानवोचितस्तरमा सुनिश्चित गर्न सरकारले कानुनमार्फत् नै ठोस व्यवस्थाहरु गर्ने नीति लिएको छ।

अन्त्यमा, पाचौं राष्ट्रिय ज्येष्ठ नागरिक दिवस, २०८२ का अवसरमा हाम्रो सामाजिक-साँस्कृतिक परम्पराअनुरुप परापूर्व कालदेखि कायम रहँदै आएको आफूभन्दा ठूलाको आदर र कदर गर्ने संस्कारलाई अक्षुण्ण राख्न सबै नेपालीहरुप्रति विशेष आग्रह गर्दछु। साथै, ज्येष्ठ नागरिकहरुका ज्ञान, क्षमता र अनुभवको सदुपयोग गर्दै हाम्रा समाजका अग्रज व्यक्तित्व सम्पूर्ण ज्येष्ठ नागरिकहरुमा श्रद्धा र सम्मानका साथ हार्दिक नमन गर्न चाहन्छु।

सुशीला कार्की
सुशीला कार्की

११ पौष, २०८२
ने.सं.११४६ पोहेलाथ्व, शुक्रबार